# सुनौलो फारो छ ।

## पूर्व सर्तहरु

### १. प्रवेशका लागि आवश्यकताहरु

२०१९ को सेप्टेम्बर २५ को नेपाली समय विहान १२:०१ देखि अक्टोबर १५ को बेलुकी ११:५९ सम्म 'सुनौलो फारो छ' कन्टेस्टको अनलाइनमा आयोजना हुदैंछ । यसमा प्रवेश गर्न वा जित्न कुनै पनि उत्पादन खरिद गर्नु आवश्यक छैन । यस कन्टेस्टलाई प्रोबायोटेक इण्डष्ट्रिज प्राइभेट लिमिटेड, केयुकेएल भवन, सिनामंगल, काठमाडौं, नेपालले प्रयोजन गर्दैछ । कम्पनीले आफ्नो स्वविवेकमा कन्टेस्टलाई विस्तार गर्न वा कुनै पनि वेला तत्काल फिर्ता लिन सक्ने अधिकार राख्दछ ।

### २. योग्यता

नेपालका वैधानिक नागरिक तथा हाल नेपालमा बसोबास गरिरहेका सम्पूर्ण व्याक्तिहरुका लाीग यो प्रतिस्पर्धामा सहभागी बन्न खुल्ला गरिएको छ । सहभागीको उमेर कम्तीमा १६ वर्षको हुनु पर्नेछ । सामाजिक मिडिया प्लेटफर्म फेसबुक, युट्युब तथा इंन्स्टाग्राममा राखिएका तस्विर तथा भिडियो पोस्टहरु शेयर तथा लाइक भएको आधारमा प्रतिस्पर्धाका लागि सहभागीहरु योग्य हुनेछन् । निम्वस सम्वद्ध  कम्पनीहरु, प्रयोजक प्रोबायोटेक इण्डष्ट्रिज प्राइभेट लिमिटेड , प्रयोजकका एजेन्ट, प्रायोजक प्रतिष्ठान तथा सिस्टर कन्सर्न कम्पनीका कर्मचारीहरु, यसका डिलरहरु, सवडिलरहरु, पार्टनरहरु, प्रतिनिधिहरु, उनीहरुका परिवार तथा सहयोगीहरु तथा तत्कालका परिवारहरु प्रतिस्पर्धामा सहभागी बन्न योग्य मानिने छैन । कम्पनीको नियम अनुसार सहभागीहरुले एउटा उपहार मात्र प्राप्त गर्नसक्ने छन् । सम्भावित विजयीको योग्यतालाई प्रमाणित गर्ने अधिकार प्रयोजकमा निहित हुनेछ । कम्पनीको नियम अनुसार तय गरिएको सम्पूर्ण योग्यतालाई पूरा गरेका खण्डमा अवार्ड जितिनेछ । ती योग्यता र आवश्यकतालाई पूरा नगर्ने प्रस्पिर्धीहरु असक्षम मानिने छन् । उक्त प्रतिस्पर्धालाई रद्द गर्ने, संसोधन गर्ने, बढाउने वा फिर्ता लिने अधिकार कम्पनीको आफ्नो एक्लो निर्देशनमा निहित हुनेछ । कम्पनीको निर्णय अन्तिम र बाध्यकारी हुनेछ । कुनै भैपरी आएको प्रतिकूल अवस्थामा यस्तो निर्णय कम्पनीले लिनसक्ने व्यवस्था गरिएको छ ।

### ३. कसरी प्रवेश गर्ने

प्रतिस्पर्धाको अवधिमा सहभागीले आफ्नो सोसल मिडिया पोस्टमा पाएको लाइक र शेयरलाई कम्पनीको पेजमा सब्मीट गरेर सहभागी बन्न सक्छन् । जो पहिले आउँछ उसले पहिलो प्राथमिकता पाउने आधारमा सब्मीट भएका सम्पूर्ण तथ्यांकलाई हजार लाइक्स र हजार शेयरमा क्याप्ड गरिनेछ । प्रवेश गर्ने क्रममा असफल भए आयोजक तथा प्रायोजक त्यसको जिम्मेवार हुने छैन । सहभागीहरुले प्राइज जित्नका लागि आफूसँग सम्बन्ध रहेका सम्पर्ण तथ्यांक तथा कागजातलाई आयोजकको माग अनुसार २४ घण्टाभित्र नै बुझाईसक्नु पर्नेछ । लाइक पाउनेले २ सय एमएलको एउटा ब्यन्जन तेल जित्ने छन् भने शेयरतर्फकाले एक लिटरको ब्यन्जन तेल जित्ने छन् । सब्मीशन र कमेन्ट्समा अश्लील, छाडा, हिंसात्मक, भेदभावजन्य, अवैधानिक खाद्य तथा पेयपदार्थको तस्वीर , डर, धम्की, अपवित्र तथा छेडछाड युक्त सामाग्रीहरु राखिएको हुनुहुँदैन ।

## ४. दायित्वमा इन्टरनेटको सिमितता

ट्रान्समिशनमा त्रूटि, सञ्चार लाइनमा अवरोध, चोरी, अवरोध तथा इन्ट्रीमा अल्ट्रेसन जस्ता कुरामा प्रयोजकले दायित्व लिने छैन । कुनै पनि वेभसाइटलाई नियोजित ढंगले हानी पुर्याउने वा प्रतिस्पर्धाको वैधानिकपूर्ण सञ्चालनलाई कमजोर बनाउने काम फौजदारी तथा देवानी कानुनको उल्लंघन हो । यस्तो गरेको पाइएको खण्डमा प्रयोजकसँग त्यस्तो क्षतिको जरिवाना उठाउने तथा त्यस्ता व्याक्तिबाट उपचार गराउने जति पनि कानुनले दिएको अधिकारलाई पूर्णरुपमा प्रयोग गर्ने अधिकार निहित रहने छ ।

## ५. सब्मीसनमा अधिकार

प्रतिस्पर्धामा सहभागीहरुले (कानुनले दिएसम्मको) आफ्नो नाम, रुची, भनाई, प्रतिक्रिया, बायोग्राफिकल तथ्यांक, तस्विर आदी प्रयोजकलाई विज्ञापन, व्यापार तथा प्रचारका लागि प्रयोग गर्ने अधिकार दिनेछ । यसका लागि प्रयोजकले सूचना, अनुमति, जरिवाना वा जानकारी गराईराख्नु पर्ने आवश्यकता हुने छैन । आफ्नो नाम प्रतिस्पर्धाको मेलिङ लिस्टबाट हटाउनका लागि सहभागीहरु प्रतिस्पर्धा आयोजकसमक्ष इमेल feedback@nimbusnepal.com को माध्यमबाट सम्पर्क राख्न सक्छन् ।

## ६. इक्युटेबल रिलिफ

कपिराइटको सुरक्षा उल्लंघनको मामिलामा प्रायोजकले तत्काल वा भविष्यमा, प्रत्यक्ष वा अप्रत्यक्ष, स्वइच्छाले बाध्यकारी रुपमा कुनै पनि जिम्मेवारी वा दायित्व बहन नगर्ने कुरा सहभागीले बुझेको, मनन गरेको र सम्झौता गरेको हुनु पर्नेछ । प्रतिस्पर्धासँग सम्बन्धित बुझाइएका कुनै पनि सामाग्रीहरुको प्रायोजकले वास्तवमै वा कथितरुपमा दुरुपयोग गरेको दाबी सहभागीबाट उठेको वा क्षति भएको खण्डमा त्यो पुनः मर्मत गर्न सकिने छैन । अन्यथा उक्त सहभागीले कानुनी उपचारको खोजी गर्नसक्ने छन् । वा अन्य सब्मीसनमै आधारित वा कथितरुपमा आधारित कुनै उत्पादन, वितरण, प्रदर्शन वा दुरुपयोगमा जोडिन सक्छन् । र क्षतिलाई पुनर्स्थापना गर्ने अधिकारमा सहागीको अधिकार र उपचार त्यस प्रकारका कुनै पनि इभेन्टमा कडा रुपमा सिमित हुनेछ ।

## ७. अवार्ड प्रतिबन्ध

विजेताले अवार्ड कुनै अन्य व्याक्तिलाई दिने वा उसको नाममा नामसारी गर्न पाउने छैन । अवार्ड पैसामा बिक्ने वा साटिने कुरा होइन । सबै अवार्ड प्राप्त हुने कुरा हुन् । यदि कुनै अवार्ड वा अवार्डको हिस्सा प्रायोजकको नियन्त्रणभन्दा बाहिरको परिस्थितिबश प्रदान गर्न सकिएन भने अवार्डको सट्टा जे प्रदान गरिन्छ त्यो प्रायोजकको निर्णयाधिकारमा निहित रहनेछ । अवार्ड प्रदान गरिसकेपछि अवार्ड वा अवार्डको हिस्सामा देखिएका कुनै पनि क्षति वा जोखिमका लागि विजेता नै जिम्मेवार रहनेछ ।

## ८. अवार्ड वितरण

विजेताहरु 'जो पहिले आउँछ त्यसले प्राथमिकता पाउँछ' को आधारमा चयन हुनेछन् । प्रत्येक विजयीलाई फेसबुकको कमेन्ट वा ह्वाट्सएप म्यासेज (सब्मीसनको समयमा दर्ता गराईको नम्बर) बाट सम्पर्क गरिनेछ । सहभागीहरुले पुरुस्कार जित्नका लागि आफूसँग सम्बन्ध रहेका सम्पर्ण तथ्यांक तथा कागजातलाई आयोजकको माग अनुसार २४ घण्टाभित्र नै बुझाईसक्नु पर्नेछ । लाइक पाउनेले २ सय एमएलको एउटा ब्यन्जन तेल जित्ने छन् भने

शेयरतर्फकाले एक लिटरको ब्यन्जन तेल जित्ने छन् । प्रायोजक तथा प्रतिनिधिले समिक्षा गर्ने फेसबुक अकाउन्ट तथा ह्वाट्स एप अकाउन्टको आफू नै मालिक हो भन्ने कुराको प्रमाण पनि विजयीले बुझाउनु पर्नेछ ।